# नार्पा भूमि गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## च्याँखु, मनाङ
## गण्डकी प्रदेश, नेपाल

# सेवा करारमा लिने सम्वन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०७७/०७/२३)

श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत रोजगार संयोजकको पदपूर्ति र सेवा सुविधा सम्वन्धी मापदण्ड, २०७६ को अधिनमा रही यस गाँउपालिकाको लागि देहायको संख्या र योग्यता भएको कर्मचारी करारमा राख्नुपर्ने भएकाले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र योग्यता पुगेको नेपाली नागरिकहरुबाट दरखास्त आह्वान गरिएको छ । दरखास्त फारम, दरखास्त दस्तुर, कार्य विवरण, पारिश्रमिक, सेवा शर्तहरु सहितको विवरण कार्यालयबाट उपलब्ध हुनेछ ।

तपशिल:

क)

| पद | संख्या | तलब भत्ता |
|---|---|---|
| रोजगार संयोजक (पाँचौं तह) | १ | रोजगार संयोजकको पदपूर्ति र सेवा सुविधा सम्वन्धी मापदण्ड, २०७६ मा उल्लेख भए अनुसार |

ख) आवश्यक न्युनतम योग्यता:

१) **न्युनतम शैक्षिक योग्यता:** प्रविणता प्रमाणपत्र तह /+२ वा सो सरह उत्तीर्ण गरेको

**२) अनुभव:** अनुभवीलाई विशेष ग्राह्यता दिइनेछ ।

**३) उमेरको हद:** १८ वर्ष पूरा भई ४५ वर्ष ननाघेको ।

४) भविष्यमा सरकारी सेवाको लागि अयोग्य ठहरिने गरि कुनै कारबाही नभएको ।

५) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको ।

**ग) दरखास्तमा संलग्न हुनुपर्ने कागजात:** व्यक्तिगत विवरण, शैक्षिक योग्यता तथा अनुभवको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, नेपाली नागरिकताको प्रतिलिपि ।

**घ) दरखास्त दस्तुर:** रु १०००/- (अक्षरुपी रु एक हजार मात्र)

**ङ) दरखास्त बुझाउने मिति:** २०७७/०७/२३ देखि २०७७/०८/०७ गतेसम्म )

**च) परीक्षाको किसिम:** लिखित, प्रयोगात्मक र अन्तर्वार्ता

छ) परीक्षाको मिति पछि तोकिने छ । प्रारम्भिक योग्यता सूचीमा परेकाहरु मात्र परिक्षामा सहभागी हुन पाउनेछन ।

ज) यो सूचना गाँउपालिकाको वेभसाइट https://narpabhumimun.gov.np/ मा समेत हेर्न सकिनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**

टेलिफोन नं: ०६६–४४०२५३, सूचना अधिकारीः उज्वल बास्तोला (९८४६७०७३८५),
**Website**: www.narpabhumimun.gov.np, **Email**: narpa2018@gmail.com, itonarpabhumimun@gmail.com